# भगवतीमाई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख

कर्णालीप्रदेश, नेपाल

**विषय : कर्मचारी आवश्यकता सम्वन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७६/०३/१७**

भगवतीमाई गाउँपालिका अर्न्तगत गरिव घर परिवार पहिंचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालनको लागि तपशिल अनुसारका पदहरुमा कर्मचारी करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुवाट दरखास्त आह्वान गरिन्छ । साथै म्याद नाघी वा रित नपुगी आएको दर्खास्त दर्ता गरिने छैन । दरखास्त आईपुग्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्नगएमा सोको भोलिपल्ट कार्यालय संचालन भएको दिनको कार्यालय समय भित्र पेश गरिसक्नु पर्नेछ ।

**तपसिल :**

**विज्ञापन नं. ५/२०७५/०७६**

**पदको नाम : सुपरीवेक्षक**

**आवश्यक पद संख्या :- १ (एक)**

**आवश्यक योग्यता :**

- नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभुत ज्ञान भएको ।
- उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।
- भगवतीमाई गाउँपालिकाको स्थानीयवासिलाई विषेश प्रथामिकता दिईने छ ।

**विज्ञापन नं. ६/२०७५/०७६**

**पदको नाम : गणक**

**आवश्यक पद संख्या :- ४ (चार)**

**आवश्यक योग्यता :**

- नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभुत ज्ञान भएको ।
- उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।
- भगवतीमाई गाउँपालिकाको स्थानीयवासिलाई विषेश प्रथामिकता दिईने छ ।

**१. आवेदन गर्नको लागि चाहिने आवश्यक कागजातहरु :**

क) भगवतीमाई गाउँपालिकाले तयार पारेको आवेदन फारामको ढाँचामा निवेदन ।

ख) शैक्षिक योग्यता तथा अन्य तालिम प्राप्त गरेको प्रमाण पत्रहरुको प्रतिलिपि ।

ग) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

घ) कार्य अनुभवको प्रमाण पत्रहरुको प्रतिलिपि ।

ङ) पासपोर्ट साईजको पोटो १ प्रति ।

च) वैयक्तिक विवरण (CV)

छ) दरखास्त दस्तुर जम्मा गरेको वैङ्क भौचर ।

**२. दरखास्त दस्तुर :** क) सुपरीवेक्षकको लागि रु ४००।- ख) गणकको लागि रु ३००।- मात्र ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०७६ आषाढ २३ गते कार्यालय समयभित्र ।

**४. सम्पर्क मिति :** २०७६ आषाढ २४ गते बिहान ११ बजे ।

**५. छनौटको किसिम :** उल्लेखित दुवै पद छनौटका लागि संक्षिप्त सुची (Short List), प्रयोगात्मक र अन्तर्वार्ताको प्रक्रिया अवलम्वन गरी खुला प्रतिष्पर्धाको आधारमा कर्मचारी छनौट गरिनेछ । यसरी Short List मा छनौट भएका उम्मेदवारहरुले मात्र परीक्षाको अन्य प्रकृयामा सामेल हुन पाउने छन । थप जानकारीको लागि मो नं. ९८५८०२०७९९, ९८५८०२०८९९ र ९८४८०५०१०७ ।

...........

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner